लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

☎ ०८२-५४००५०
☎ ०८२-५४०८५०

प.सं. :२०८०/०८१
च.नं. :

मिति:२०८०/१२/०८

## सिलबन्दी दरभाउ पत्र (कोटेशन) पेश गर्ने सम्बन्धी सूचना ।

## प्रथम पटक प्रकाशित मिति: २०८०/१२/०९

यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङको आ.ब. २०८०/०८१ मा आवश्यक पर्ने तपसिल बमोजिमका मसलन्द तथा स्टेशनरी सामाग्रीहरु सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ १(क) बमोजिम खरिद गर्नुपर्ने भएकोले इच्छुक दर्तावाला व्यावसायिहरुबाट आपुर्ति कार्यका लागि सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. दररेट पेश गर्ने संस्थाले अनिवार्य रुपमा दरभाउ पत्र पेश गर्ने व्यहोरा सम्बन्धको लिखित निवेदन सहित नवीकरण भएको फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण भएको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.ब. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि संलग्न गरि मिति: २०८०/१२/१५ गतेका दिन कार्यालयमा पेश गर्नुपर्ने छ ।

२. BOQ यस कार्यालयको वेबसाइट www.lamahimun.gov.np बाट डाउनलोड गरी वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ । दरभाउपत्र दाताले दरभाउपत्र र तोकिए बमोजिम धरौटी रकम यस कार्यालयको नाममा रहेको रा.बा. बैंक लमही दाङ धरौटी खाता नं. ४२९०१००३०३००००२ मा जम्मा गरेको बैंक भौचर वा सो बराबरको खोलिने अन्तिम मितिले ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी सिलबन्दी दरभाउपत्र (कोटेशन) साथ पेस गर्नुपर्ने छ ।

३. BOQ मा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरि लेखेर पेश गर्नु पर्ने छ। केरमेट भएको दररेट (BOQ) मा हस्ताक्षर हुनु पर्ने छ ।

४. म्याद नाघी आएको, रित नपुगेको वा कुनै शर्त राखी पेश गरेको फाराम मान्य हुने छैन।

CamScanner

५. मितिः२०८०/१२/१५ गते दिनको १२:०० बजे भित्र कार्यालयमा प्राप्त भई दर्ता भएका शिलबन्दी दरभाउ पत्र सोही दिनको २:०० बजे दरभाउ पत्र दाताहरुको रोहवरमा खोलिने छ । तर दरभाउ पत्र दाताहरुको उपस्थिति नभएमा पनि उक्त दरभाउ पत्र खोल्नमा कुनै बाधा पर्ने छैन ।

६. स्टेशनरी तथा मसलन्द सामाग्रीहरु तोकिएको स्पेसिफिकेशन अनुसारको हुनुपर्ने छ ।

७. टुटफुट तथा अन्य समस्या भएमा स्टेशनरी तथा मसलन्द सामाग्रीहरु बुझिलिइने छैन।

८. दरभाउ पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुल्ने दिनको १२:०० बजे भित्र कार्यालयमा दररेट पेश गर्न सकिने छ ।

९. दरभाउपत्र प्याकेज अनुसार मूल्यांकन गरिनेछ । दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१०.सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार दरभाउ पत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभए आफ्नो स्वार्थ नबाझिएको पेसा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा सो घोषणा गरेको पेश गर्नु पर्ने छ ।

११.माथि उल्लेखित बाहेक अन्य शर्तहरु प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

| क.सं. | विवरण | लागत अनुमान (मु.अ.क.बाहेक) | दररेट पेश गर्ने अन्तिम मिति र समय | धरौटी |
|---|---|---|---|---|
| १. | मसलन्द तथा स्टेशनरी सामाग्र खरिद<br>जि.को.२।०८०।०८१ | ९,९९,९४१।६६ | २०८०/१२/१५ गते १२:०० बजे भित्र | ३०,०००।- |

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

............................

प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner